नेपाल सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय
सडक विभाग

# लेन्थवर्करको सेवा करार सम्झौता पत्र

२०६६

# नियमित मर्मत सम्भारको लागि लेन्थवर्करको सेवा करार सम्झौता

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ को अधिनमा रहि सामरिक महत्वका सडकहरूको नियमित रूपमा मर्मत सम्भार लेन्थवर्कर प्रणालीबाट गराउने विभागीय नीति अनुरूप विगतमा पनि सेवा करार सम्झौता मार्फत नै त्यस्ता सडकहरूको मर्मत सम्भार कार्य गरी आएको र चालु आ.व.को लागि सो कामलाई निरन्तरता दिन सडक बोर्ड नेपाल र सडक विभाग विच भएको सम्झौता तथा नेपाल सरकारवाट जारी हुने निर्देशन एवं निर्णयहरुको अधिनमा रहने गरी सेवा करार सम्झौता गरिएकोछ ।

नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय, सडक विभाग, डिभिजन सडक कार्यालय, ......... (जसलाई यस पछि "प्रथम पक्ष" भनिनेछ) र .........कोनाती ...........को छोरा जिल्ला ............................ गा.वि.स. ⁄ न.पा. ....................................... वडा नं. .............. बस्ने वर्ष ............ को श्री ............................................................ (जसलाई यस पछि "दोस्रो पक्ष" भनिनेछ) का बीच देहायका शर्त, दायित्व र काम कर्तव्यकाअधिनमा रही दुवै पक्षको सहमतिमा यो सेवा करार सम्झौता गरिएको छ ।

## सम्झौताका शर्तहरू

१. यो सम्झौताको अवधि मिति २०६६।४।१ देखि २०६६।९।२९ सम्मको हुनेछ ।

२. सम्झौताको अवधिसम्मका लागि दोस्रो पक्षले दैनिक ज्याला रु २३०।- प्राप्त गर्नेछ ।

३. दोस्रो पक्षले ..................................... खडक खण्डको कि.मि........... देखि कि.मि. ..............सम्म काम गर्नु पर्ने छ । आवश्यकता अनुसार काम गर्ने क्षेत्र प्रथम पक्षले संशोधन गर्न सक्नेछ ।

४. दोस्रो पक्षले काम गर्नु पर्ने दैनिक समय अवधि ८ घण्टाको हुनेछ तर मंसिर, पुष महिनामा ७ घण्टा दैनिक रूपमा काम गर्नु पर्नेछ ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई सम्झौता अनुसार हुन आउने ज्याला रकम सम्बन्धित सब इन्जिनियर ⁄ इन्जिनियरले प्रस्तुत गरेको हाजिरी प्रतिवेदनको आधारमा महिना भुक्तान भएपछि नगद रूपमा नै भुक्तानी दिईनेछ । दोस्रो पक्षले गयल कट्टी भएको दिनको वा हाजिर नभएको दिनको ज्याला पाउने छैन ।

६. दोस्रो पक्षले सडक बोर्डबाट प्राप्त नमूना अनुसारको कार्य मूल्याङ्कन फाराम प्रमाणित गराई मासिक रूपमा प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

७. दोस्रो पक्षले काम गर्दा दूर्घटनाप्रति सजक र सतर्क भएर गर्नु पर्नेछ र पहिलो पक्षले दोस्रो पक्षले काम गरिरहेको अवस्थामा दूर्घटना भएको खण्डमा बीमाको शर्त अनुसार क्षतिपूर्तिको व्यवस्था गर्नेछ ।

८. सम्झौता अवधिमा दोस्रो पक्षले प्रथम पक्षबाट उपलब्ध गराइएको ज्याकेट, हेल्मेट (आवश्यकतानुसार), झण्डा आदि कार्यसमयमा अनिवार्य रूपमा प्रयोग गर्नु पर्नेछ । दोस्रो पक्षले आफ्नो कार्यसमयमा तोकिएको कार्य क्षेत्रमा उक्त सामानहरू लगातार तीन पटकसम्म प्रयोग नगरेको पाइएमा प्रथम पक्षले यो सम्झौता तोड्न सकिनेछ । प्रथम पक्षले महिनामा कम्तिमा एक पटक लगातार तीन दिन छनौट गरिएका सडकमा अवलोकन गरी शर्त पालना भए नभएको अध्ययन गर्नेछ ।

९. दोस्रो पक्षले प्रथम पक्षको चल अचल सम्पत्तिको हानी नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानी भएको सम्पत्तिको विगो अनुसार दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. दोस्रो पक्षको जिम्माको काम अरू कसैलाई ठेक्कामा (सबलेट) दिन पाउने छैन । दोस्रो पक्ष स्वयमले तोकिएको कामहरू अनिवार्य रूपले गर्नु पर्नेछ ।

११. दोस्रो पक्षले प्रत्येक हप्ता १ दिन साथै वर्षको थप ६ दिनका दरले बिदा पाउने छ । विदामा वसेको दिनको डि.स.का.मा जानकारी गराउनु पर्नेछ । थप ६ दिन विदाको जिम्मेवारी अर्को आर्थिक वर्षमा सारिने छैन र सो विदा नलिए वापतको थप ज्याला रकम दोस्रो पक्षले दावि गर्न पाउने छैन ।

१२. चाडपर्व सुविधा वापत एक वर्ष निरन्तर काम गरेको अवस्थामा एक महिना बराबरको ज्याला रकम थप दिईने छ । यो सम्झौता अवधि भरका लागि दामासाहिले चाडपर्व खर्च उपलब्ध हुनेछ । दोस्रो पक्षले चाडपर्व सुविधा वापत रकम एकमूष्ठ माग गरेमा सम्झौतामा उल्लेख भए वमोजिम अवधिभर कार्य दिनसम्म सेवा प्रदान गर्ने शर्तमा प्राप्त गर्न सक्ने छ तर यसरी लिएको रकम बीचैमा यो सम्झौता भङ्ग भएमा प्रथम पक्षलाई दामासाही रूपले पाउने रकमबाट बाँकी रकम फिर्ता गर्नु पर्नेछ ।

१३. माथि उल्लिखित बिदा बाहेक अन्य कुनै दिन पनि दोस्रो पक्ष विना सूचना अनुपस्थित रहेमा निजले सो अवधिको ज्याला पाउने छैन तर विशेष कारणवश दोस्रो पक्ष अनुपस्थित रहनु परेमा वढीमा सात कार्य दिन आफ्नो सट्टा अर्को कामदारलाई काममा पठाउन सक्नेछ तर यस्तो सट्टा कामदारको उमेर १६ वर्षभन्दा कम हुने छैन । यसको लागि साइटका सब इन्जिनियर, इन्जिनियर वा सुपरभाईजरलाई समयमा नै जानकारी गराउनु पर्नेछ ।

१४. दुवै पक्षको सहमतिमा यो सेवाकरार सम्झौता नविकरण हुँदै जान सक्नेछ ।

१५. यो सम्झौताका ज्याला दर तथा शर्तहरू नेपाल सरकारको निर्णय तथा निर्देशन वमोजिम शंसोधन गर्न सकिनेछ । यसरी हुने संशोधन यस सेवा करारको अभिन्न अंगको रुपमा रही सो दुवै पक्षलाई मान्य हुनेछ ।

१६. दोस्रो पक्षको कार्य सम्पदन, चालचलन, आचरण, व्यवहार आदि सन्तोषजनक नभएमा वा दोस्रो पक्षको सेवा आवश्यक नपरेको भन्ने लागेमा प्रथम पक्षले १५ दिनको सूचना दिई सेवा सम्झौता भङ्ग गर्न सक्नेछ ।

१७. यसैसाथ संलग्न प्रथम पक्षको दायित्वहरू र दोस्रो पक्षको काम, कर्तव्यहरू सम्बन्धी पानाहरू यसै सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

१८. सडक बोर्डबाट प्राप्त नमूना अनुसारको कार्य मूल्याङ्कन फाराम भराई मासिक रूपमा कार्यालयमा पेश गर्नु पर्नेछ ।

## प्रथम पक्षको दायित्वहरू

१. प्रथम पक्षले दोस्रो पक्षलाई दैनिक कार्य सम्पादन गर्न आवश्यक पर्ने औजारहरू उपलब्ध गराउनु पर्नेछ। दोस्रो पक्षले उपलब्ध औजारहरूको समय समयमा गर्नु पर्ने आवश्यक मर्मतको लागि सम्बन्धित साइटका सब इन्जिनियर, इन्जिनियर तथा सुपरभाईजरलाई जानकारी गराउनु पर्नेछ ।

२. सम्भब भएसम्म प्रथम पक्षले दोस्रो पक्षलाई सेफ्टी ज्याकेट, हेल्मेट, झण्डा, टोपी, रबरको जुत्ता, पञ्जा, रेनकोट उपलब्ध गराउने छ ।

३. प्रथम पक्षले दोस्रो पक्षको प्राविधिक, सामाजिक क्षमता विकास तथा बृद्धिको लागि आवश्यकता अनुसार एक पटक तालिमको व्यवस्था गर्नु पर्नेछ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई परिचयपत्र उपलब्ध गराउनु पर्नेछ र काम गर्ने समयमा दोस्रो पक्षले अनिवार्य रूपमा परिचयपत्र लगाउनु पर्नेछ ।

५. यस सम्झौतामा हस्ताक्षर गर्नु अगावै प्रथम पक्षले दोस्रो पक्षलाई सम्झौतामा उल्लिखित काम, कर्तव्य लगायत शर्त र सुविधाहरूको बारेमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई कामको सिलसिलामा हुने सामान्य चोटपटकको उपचारको लागि प्राथमिक उपचारको सामान आवश्यकतानुसार उपलब्ध गराउनु पर्नेछ ।

७. देहायका आधारमा पहिलो पक्षले दोस्रो पक्षसँग गरेको सेवा करार सम्झौता तोड्न सक्नेछ ।

(क) दोस्रो पक्ष पूर्व सूचना विना लगातार ५ कार्य दिन सम्म साइटमा अनुपस्थित भएमा वा ५ कार्य दिनको कार्य सम्पादन सन्तोषजनक नभएमा ।

(ख) दोस्रो पक्ष शारिरीक रूपमा अस्वस्थ भई वा अन्य कुनै कारणले काम गर्न असमर्थ भएमा ।

(ग) दोस्रो पक्षले कार्यक्षेत्रमा कार्य समयमा लागू पदार्थ सेवन गरेमा वा गरेको पाईएमा ।

(घ) दोस्रो पक्ष चोरी, डकैती लगायत फौजदारी अभियोगमा दोषि प्रमाणित भएमा ।

(ङ) दोस्रो पक्षको ३ पटकसम्म काम सन्तोषजनक नदेखिएमा ।

(च) दोस्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भएका आचरण पालना नगरेमा ।

(छ) प्रथम पक्षले उपलब्ध गराएको ज्याकेट, हेल्मेट, रेनकोट आदि सामाग्रीहरू तीन पटकसम्म प्रयोग नगरेमा ।

## दोस्रो पक्षको काम, कर्तव्यहरू

दोस्रो पक्षको काम, कर्तव्यहरू निम्नानुसार हुनेछ :

१. **सडक सतह सफा गर्ने** :
सडक सतहमा जम्मा हुने झारपात, गोबर र अन्य किसिमका ढुङ्गा मुढा नियमित रूपमा हटाई सफा गर्ने । खाल्डा खुल्डीमा ढुङ्गा माटो पुरी सतह मिलाउने र वर्षात्मा जम्मा हुने पानीलाई तर्काउने ।

२. **बोट बिरुवा तथा झारपात काट्ने** :
सडकको दुवै तर्फको भिरालो, सम्म र अत्यावश्यकीय ठाउँहरूमा कार्यालयले तोके अनुसारको क्षेत्रभित्र अव्यवस्थित रूपमा हुर्केको झारपात काट्ने तथा झाडी सफा गरेर तोकिएको स्थानमा फाल्ने ।

३. **सडक किनाराका नाली सफा गर्ने** :
नालीमा जम्मा भएको माटो, झारपातको साथै अन्य फोहरहरू नियमित रूपमा सफा गरेर तोकिएको स्थानमा फाल्ने । ठूलो परिमाणमा जम्मा भएको सडक किनाराको ढुङ्गा माटोलाई मेशिन प्रयोग गरी फाल्दा नालीमा अवशेष रहने ढुङ्गा माटो समेत तोकिएको स्थानमा फाल्ने ।

४. **पुलेसाको सरसफाइ गर्ने** :
पुलेसाको मुख तथा भित्रि भागमा माटो, झारपात लगायतका बिभिन्न किसिमका जम्मा हुने फोहर नियमित रूपमा सफा गरी तोकिएका स्थानमा फाल्ने ।

५. **नालीको रिसेपिङ्ग गर्ने** :
कच्ची नाली काटिने र पुरिने हुँदा माटो खनी पुरी यथोचित आकारमा ल्याउने ।

६. **सोल्डर मर्मत गर्ने** :

सोल्डरमा भएको खाल्डा खुल्डी र कटानलाई पुरी सतह मिलाउने, जम्मा भएको फोहर सब इन्जिनियर, इन्जिनियर वा सुपरभाईजरद्वारा तोकिएको स्थानमा फाल्ने, झारपात तथा बोट बिरुवालाई कांट छाट गरी सफा गर्ने, सडकको माथिल्लो र तल्लो भेग तथा सडकको दुवै पट्टिको स्लोपमा परेका चीरा तथा खाल्डोहरू ढुङ्गा माटोले पुरी स्लोप मिलाउने ।

७. **सानातिना पहिरो सफा गर्ने** :
सडक सतह तथा किनाराका नालीमा आएको सानो तिनो (प्रति दिन अन्दाजी २०–२५ ठेलागाडासम्मको) पहिरोलाई सफा गरेर तोकिएको स्थानमा फाल्ने ।

८. **रोड फर्निचर सफा गर्ने** :
ट्राफिक चिन्ह, गाईड पोष्ट, कि.मि. पोष्ट र सडक मार्किङ्गमा जम्मा भएको धुलो मैलो आदि सफा गर्ने, झाडी तथा झारपात हटाई सङ्केत चिन्ह दुरुस्त र पढ्न सकिने गरी राख्ने, ढल्केको साईनबोर्ड, पोष्ट सिधा गर्ने र खुकुलो सपोर्ट वरिपरी प्याकिङ्ग गर्ने ।

९. **अतिक्रमणकारी कार्य रोक्ने** :
सडक सीमाभित्र अवरोध हुने गरी कुनै सामाग्री राख्न नदिने, सडक सीमा क्षेत्रभित्र लगाईएका बोट विरुवाहरू पशुलाई चर्न नदिने तथा घास दाउरा काट्न नदिने लगायतका कुनै पनि अतिक्रमणकारी काम हुन वा गर्न नदिने कार्यमा सुपरभाईजरलाई सहयोग गर्ने ।

१०. **जानकारी गराउने** :
आकस्मिक सडक बाधा, दूर्घटना तथा अन्य आवश्यक घटनाको जानकारी सुपरभाईजरलाई तुरुन्तै गराउने ।

११. **जन चेतना जगाउने कार्य गर्ने** :
सडक छिमेकीसँग सुमधुर सम्बन्ध कायम गरी सडक मर्मत सम्बन्धि जन चेतना जगाउने कार्य गर्ने ।

१२. **अन्य काम** :
माथि उल्लिखित कामहरू बाहेक सम्झौता शर्तमा उल्लेख भएका अन्य उत्तरदायित्व र सडक सुपरभाईजरले लाए अह्राएका नियमित सडक सम्भारसँग सम्बन्धित कामहरू गर्ने ।

| प्रथम पक्षको तर्फबाट : | दोस्रो पक्षको तर्फबाट : |
|---|---|
| दस्तखत :....................................... | दस्तखत :.......................................... |
| नाम र थर : | नाम र थर : |
| पद : डिभिजन प्रमुख | पद : लेन्थवर्कर |
| कार्यालय : डिभिजन सडक कार्यालय, ............. । | |
| कार्यालयको छाप : | |
| मितिः- | मितिः- |

**साक्षीहरू** :

१. ....................................................  सहि : ..................................

इति सम्बत २०६६ साल आश्विन ६ गते रोज ३ शुभम ।